स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापालाई फिल्मको पर्दामा हामीले रौ, रोमाञ्चक र रोमान्टिक धेरै अवतारमा पायौं। गाउँले महिला, सहरिया केटी, पुलिस अफिसर, दुर्गा, कालीदेखि हिम्मतवालीसम्म सशक्त रूपमा उनलाई हामीले पर्दामा हेरिसक्यौं। अब भने एक विद्रोही नारीका रूपमा उनलाई हामीले देख्ने भएका छौं, 'मीरा' नाटकमार्फत। यसै नाटकमार्फत उनले रङ्गमञ्चमा डेब्यु हो।

आजको विचार...



नेपाल.... (दुई पेजमा)

बंशीकुमार शर्मा गौतम

राजधानीमा आयोजित एक कार्यक्रममा फिल्मका निर्देशक दीपेन्द्र के खनाल, अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री केकी अधिकारीले फिल्मको कथाले घर हुने र नहुने दुवैलाई आफ्नो कथा लाग्ने दाबी गरे । गाउँका कथा मात्रै मौलिक कथा नभएर सहरका कथा पनि मौलिक हुने अभिनेता खगेन्द्र लामिछानेले बताए। 'नेपाली कथा सबै मौलिक हुन्, चाहे त्यो गाउँको कथा होस् वा सहरको' लामिछानेले भने, 'गाउँका कथा मात्र मौलिक भन्ने गलत भाष्य छ। यो तोडिनुपर्छ।'



❐ वर्ष ३० ❐ अंक २८८ ❐ २०८२ वैशाख ३१ गते बुधबार 14 May 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सिमलटारी–सौतामारे–मच्छी सडकखण्ड अलपत्र

**रासस**

**प्यूठान,** वैशाख ३०/'बुर्लुकबुर्लक उफ्रेर एक सेकेन्डमै प्यूठान, गुल्मी र अर्घाखाँची जिल्ला टेकेँ,' वरिष्ठ पत्रकार भैरव रिसालले 'रातो फूलबारी' पुस्तकमा लेखिएको 'एकै सेकेन्डमा तीन जिल्ला' शीर्षकको नियात्रामा उल्लेख गरेका छन् । उनको नियात्रामा उल्लेख भएअनुसार प्यूठान, गुल्मी र अर्घाखाँची तीन जिल्ला जोडिएको पवित्र, सुन्दर र मन लोभ्याउने त्रिवेणीस्थल प्यूठानको सौतामारेको हो ।

हो, त्यही तीन जिल्लालाई जोड्ने प्यूठानको सौतामारे भएर जाने राष्ट्रिय गौरवको आयोजना मदन भण्डारी राजमार्गअन्तर्गतको गुल्मी-प्यूठान सडक खण्डको कामले गति लिन सकेको छैन । गुल्मीबाट प्यूठानको मच्छीसम्म पुग्ने मदन भण्डारी राजमार्गको काम धिमा गतिमा अघि बढेको छ । प्यूठानको कोसेढुङ्गाका रुपमा हेरिएको यस राजमार्गअन्तर्गत पर्ने सौतामारे-मच्छी सडक खण्डको काम द्रूत गतिमा नहुँदा सर्वसाधारणलाई समस्या परेको छ । मदन भण्डारी राजमार्गअन्तर्गतको गुल्मीको सिमलटारी हुँदै प्यूठानको सौतामारे-मच्चीमा काममा प्रगति भएको देखिँदैन । सडक निर्माणका लागि पहाड काटे पनि काम पूरा नभएर अलपत्र परेको छ । स्थानीयहरु घर अगाडि कालोपत्र सडक निर्माण हुने भएपछि जति खुसी देखिन्थे तर सडकको काम अगाडि नबढ्दा त्यतिकै दु:खी र आक्रोश रहेको देखिन्थ्यो । गुल्मीको सिमलटारीदेखि प्यूठानको सौतामारे-मच्छिसम्मको ३१ द्यशमलव ८ किलोमिटर रहेको छ । यसमा गुल्मीदेखि प्यूठानको सौतामारेसम्मको १६ किलोमिटर गुल्मीमा र सौतामारेदेखि मच्छीसम्म १५ दशमलव ८ किलोमिटर प्यूठानमा पर्दछ । २०७९ कात्तिकमा उक्त सडक बनाउने ठेक्का सम्झौता श्रेष्ठ सक्षम निर्माण जेभीले पाएको छ । श्रेष्ठ र सक्षम निर्माण कम्पनी (जेभी) ले सडक निर्माण थालनी गरेयता पटक-पटक भुक्तानी पाए पनि केही महिनादेखि काम बढाएको छैन । झिमरुक गाउँपालिका-१ को सौतामारे फेदीमा क्रसर, स्काभेटर, जेसिबीसम्म राखेको देखिन्छ । यसले गर्दा आगामी साउनमा सम्पन्न हुनै पर्ने सिमलटारी-सौतामारे-मच्छी सडक खण्ड पूरा नहुने देखिन्छ । सरकारले मदन भण्डारी राजमार्ग भित्री मधेश र चुरे क्षेत्रमा रहेका धरान, उदयपुरको गाईघाट, हेटौँडा, भरतपुर, पाल्पाको रिडी, गुल्मी तम्घास, प्यूठानको मच्छी, वाग्दुला र बिजुवार हुँदै दाङको घोराहीदेखि सुर्खेतसम्मका शहरलाई जोड्ने औद्योगिक करिडोरका रुपमा निर्माण गर्न थालिएको हो । यसअन्तर्गत प्यूठानमा सौतामारे-मच्छी-वाग्दुला-बिजुवार-चकचके-खुङग्रीसम्मको सडक विस्तार हुनेछ । अहिले पहिलो चरणमा सौतामारे-मच्छी सडक खण्ड बन्दैछ । यो राजमार्ग बनाउनुको उद्देश्य भित्री मधेश र चुरे क्षेत्रमा यातायात तथा त्यस क्षेत्रका खानीसम्म पहुँच पुर्याउँदै स्थानीय कृषि उत्पादनलाई बजारीकरण गर्नु पनि रहेको हो । प्यूठानबाट निर्वाचित सांसद सूर्य थापाले ठेक्का सम्झौता भएर काम सुरु भए पनि सडकको काम अगाडि बढ्न नसकेको बताए । "ठेक्का लगाएर जुन गतिमा सडक निर्माण हुनुपर्ने हो, त्यो हुन सकेको छैन," उनले भने, "जतिसक्दो चाँडो सम्पन्न गर्नका लागि सम्बन्धित निकायलाई पटक-पटक भनिरहेको छु ।" सांसद थापाले सडकको काम निर्धारित समयमा सम्पन्न गराउनका लागि सडकका जिम्मेवारी व्यक्ति, निर्माण व्यवसायी डम्बर खड्कालाई पनि छलफल गराएको बताए । उनले सौतामारे-मच्छी सडक खण्ड नबन्दा अहिले सर्वसाधारण धुलो, धुवाँ र हिलोमा हिँड्न बाध्य भएको सुनाए । सांसद थापाले सडक निर्माण गर्नका लागि काठमाडौँस्थित मदन भण्डारी राजमार्गको आयोजना निर्देशनालय र गुल्मीस्थित योजना कार्यालयमा पटक-पटक सरोकारवालासँग छलफल गरे पनि छलफलअनुसार काम अगाडि बढन नसकेको बताउन्छन् । प्यूठानअन्तर्गत मदन भण्डारी राजमार्गको (एनएचशून्यनाइन)को रिडी-सुर्खेत सडक खण्डको रेखाङ्कन रिडी-तम्घास-सिमलटारी-सौतामारे-मच्छी-बिजुवार-चकचके-खुङग्री-लिवाङ-घर्तिगाउँ-सुखाओडार-पातीहाल्ने-थारमारे-बागमारे-शीतलपाटी-सल्यान खलङ्गा-कुभिण्डेदह-बालुवासङ्घही-बोटेचौर-भेडाबारी-धुलियाविट-वीरेन्द्रनगर सुर्खेत कामय गरिएको छ । यसैगरी, अर्को रिडी-बलकोट-हङसपुर-प्यूठान, प्यूठान-सुर्खेत सडक खण्ड (एनएचनाइन्टिन) को रेखाङ्कन रिडी-बलकोट-सन्धिखर्क-गच्छागैरा-रतनमारे-गोखुङ्गा-वागदुला-देवीस्थान-लोहारपानी-घोराही-तुल्सीपुर-पुरन्धारा-बोटेचौर (सुर्खेत) कायम गर्ने उल्लेख छ । दुवै सडक प्यूठानमा परेको हुनाले ती सडक बनेको खण्डमा प्यूठानको यातायात क्षेत्रमा कोसेढुङ्गा साबित हुनेछ । यही वैशाख २१ गते प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष सांसद थापाले ज्ञापनपत्र बुझाएर मदन भण्डारी राजमार्गको सिमलटारी-सौतामारे-मच्छी खण्ड ठेक्का लागेर काम ढिलाइ भएकोप्रति ध्यानाकर्षण गराउँदै उक्त सडकखण्डको काम द्रूतगतिमा निर्माण गरिनुपर्ने माग राखेका थिए ।



-बाँकी अन्तिम पेजमा...

## सक्षिप्त समाचार

### हवाई आक्रमणमा २२ को मृत्यु

(रासस/एएफपी)

**डेपेइन,** वैशाख ३०/म्यान्माको जुन्टाले गरेको हवाई आक्रमणमा कम्तीमा २२ जनाको ज्यान गएको छ, जसमा २० बालबालिका र दुई शिक्षक रहेका छन् । आक्रमण ओइ थेइन क्विन गाउँस्थित एक विद्यालयमा भएको हो । म्यान्माको 'जुन्टा' भन्नाले त्यहाँको सेना जनाइन्छ, जसले सन् २०२१ मा जननिर्वाचित सरकारलाई हटाएर शासनको जिम्मा लिएको थियो । त्यो समयको चुनावपछि सेनाले परिणाम अस्वीकार गर्दै नेतृ आङ सान सु चीको सरकारलाई अपदस्थ गर्‍यो र देशको बागडोर सम्हाल्यो । त्यसपछि देशभर विरोध र आन्दोलनहरू भए, तर सेनाले ती प्रदर्शनहरू नियन्त्रणमा ल्याउने प्रयास गर्‍यो । अहिले पनि म्यान्मामा यही सैन्य नेतृत्वले शासन गरिरहेको छ, जसलाई 'जुन्टा' भनेर चिनिन्छ । स्थानीय बासिन्दाका अनुसार बिहान १० बजे (स्थानीय समय अनुसार) विद्यालयमाथि आक्रमण भएको थियो । यो गाउँ मार्च २८ मा आएको विनाशकारी ७.७ म्याग्निच्युडको भूकम्पको केन्द्रबाट करिब १०० किलोमिटर टाढा पर्छ । "अहिलेसम्म २२ जनाको मृत्यु पुष्टि भएको छ," विद्यालयमा कार्यरत ३४ वर्षीया एक शिक्षिकाले भने । "हामीले बालबालिकालाई छरिएर बस्न आग्रह गरेका थियौं, तर लडाकु विमान धेरै छिटो बम खसाल्यो ।" सगाइङ क्षेत्रका एक शिक्षा अधिकारीले पनि मृत्यु सङ्ख्या उस्तै रहेको पुष्टि गरे । जुन्टातर्फबाट यसबारे कुनै प्रतिक्रिया आएको छैन ।

## माछा मार्न गएका पुरुष खोलामा मृत फेला



**गुल्मी,** वैशाख ३०/जिल्लाको छत्रकोट गाउँपालिकामा माछा मार्न गएका एक पुरुष खोलामा मृत अवस्थामा फेला परेका छन् । यहाँको बोटेगाउँ रेग्दी छहरामा माछा मार्न गएका बुटिलगाउँका ४५ वर्षीय ज्ञानबहादुर राकस मृत फेला परेका हुन् ।

राकस सोमबार खोलामा माछा मार्न गएका थिए । साँझ अबेरसम्म घर नफर्किएपछि उनको खोजतालस गरिएको थियो । मंगलबार बिहान बडिगाड खोलामा स्थानीयले घोप्टो परेको अवस्थामा राकसको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा इलाका प्रहरी कार्यालय रिडीबाट प्रहरी निरीक्षक कपिल शाहीको नेतृत्वमा खटेको प्रहरी टोलीले शवको पहिचान गरेको थियो । उनको शवलाई पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाइएको छ ।

## आर्थिक समस्या समाधान गर्ने बजेट ल्याउन सांसदहरुको आग्रह



**पाल्पा, वैशाख ३०/** आगामी बजेट अनुशासन कायम गर्न सासद्हरुले आग्रह गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा भाग लिँदै सांसदहरुले मुलुकको आर्थिक विकासका समस्या समाधान गर्ने बृहत् उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनुपर्ने बताएका हुन् ।

बैंठकमा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का सांसद गोकर्णराज विष्टले मुलुकको आर्थिक विकासका समस्या समाधान गर्ने बृहत् उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनुपर्ने बताए । उनले आर्थिक असमनताको अन्त्य गर्दै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्ने लक्ष्य विधेयकमा राखिएकामा त्यसको स्वागत गरे । सांसद सञ्जयकुमार गौतमले समृद्धिको आधारका रुपमा रहेको कृषि क्षेत्र र किसानलाई बिर्सेको टिप्पणी गर्दै मल, बीउको उचित प्रबन्धसहित खाद्यउपजमा आत्मनिर्भर बन्ने सोचका साथ आगामी आवको बजेट प्रस्तुत गर्न अनुरोध गरे । उनले व्यापार घाटा कम गर्ने विषयलाई केन्द्रित गर्दै स्वदेशमै उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्नेगरी आगामी आवको बजेट ल्याउनुपर्नेमा जोड दिए । सांसद भगवती चौधरीले विनियोजन विधेयकले ऊर्जा, पूर्वाधार क्षेत्रको विकासमा जोड दिँदै बजेटलाई थप यर्थाथवादी बनाउन सुझाव दिइन् । सूचना प्रविधि, कृषि, पर्यटलाई विशेष प्राथमिकतामा राख्न पनि उनले आग्रह गरिन । सांसद सूर्यमान दोङले कृषि, पर्यटन, जलविहारमा समेत सहयोग गर्ने सुनकोशी तेस्रो जलविद्युत् आयोजनाका लागि आवश्यक बजेटसहित अघि बढाउन अनुरोध गरे । सांसदहरु शिशिर खनाल, रामकृष्ण यादवले मुलुकको भौगोलिक विविधतालाई सम्बोधन गर्दै आगामी आर्थिक बर्षको बजेट विनियोजन गर्न सुझाव दिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## गभर्नर नियुक्तिमा ढिलाई नगर

एक महिना वितिसक्दा समेत रिक्त रहेको नेपाल राष्ट्र बैंकको नयाँ गभर्नर छनोट हुन सकेको छैन् । गभर्नर गत चैत २४ देखि नै रिक्त छ । गभर्नरको पद रिक्त हुनु एक महिनाअघि नै नयाँ गभर्नर नियुक्ति गरी सार्वजनिक सूचनामार्फत जानकारी गराउनुपर्ने कानूनी प्रावधान रहे पनि सरकारले अहिलेसम्म गर्भनर नियुक्त गर्न सकेको छैन् । एकपछि अर्को नयाँ व्यक्तिहरु गभर्नर हुने चर्चा चल्दै आएको भए पनि अहिलेसम्म टुँगो लाग्न नसक्नु विडम्बना हो ।

निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिनुअगावै सरकारले नयाँ गभर्नर नियुक्तिका लागि प्रक्रिया थालेको थियो । अहिले नेकपा एमाले र नेपाली काग्रेसको संयुक्त सरकार रहेकाले यिनै दलसँग सम्बन्धित आकांक्षी गभर्नर बन्ने दौडधुपमा लागेको देखिन्छ । सरकार भने गभर्नरजस्तो जिम्मेवार पदलाई भागबन्डाको तराजुमा राखेर जोडघटाउको दाउमा बसेको छ । यो अत्यन्त दुखको कुरा हो । राष्ट्र बैंक ऐनअनुसार गभर्नरको पद रिक्त हुनुभन्दा एक महिनाअघि नै नयाँ गभर्नर नियुक्त हुनुपर्छ । यसमा सरकार असफल भइसकेको छ । स्पष्ट प्रक्रिया र कारणबिना सरकारको आर्थिक सल्लाहकार र समग्र आर्थिक क्षेत्रको नियामक निकायको निर्णायक भूमिका निर्वाह गर्ने गभर्नर पदमा समयमै नियुक्ति गर्न नसक्नुलाई लापरबाहीको पराकाष्ठा मान्न सकिन्छ । यो केवल नियुक्तिमा देखिएको ढिलाइ मात्र होइन, प्रणालीगत कमजोरीको प्रतिबिम्ब पनि हो । नेपाल राष्ट्र बैंक देशको मौद्रिक नीति निर्माण गर्ने, बैकिङ प्रणालीलाई स्थायित्व प्रदान गर्ने, बजारमा अनुशासन कायम गर्ने र सरकारलाई आवश्यक वित्तीय राय, सल्लाह र सुझाव दिने महत्वपूर्ण निकाय हो । यस्तो निकायको नेतृत्व गर्ने गभर्नर पद नियुक्तिमा देखिएको अन्योलले देशको समग्र आर्थिक स्थायित्वमा गम्भीर असर पार्नसक्ने आँकलन गर्न सकिन्छ । तसर्थ वर्तमान समय मुलुकको अर्थतन्त्र प्रतिकूल रहेको र नेपाल एफएटीएफको 'ग्रे-लिस्ट'मा परेका बेलासमेत गभर्नर नियुक्तिमा ढिलाई गरिनुहुन्न । यसतर्फ सरकारले गम्भीर भएर सोच्न जरुरी छ ।

### Opinion @ Social Network

न कसैलाई उछिन्नु छ न कसैलाई पछार्नु छ
बस् हरेक दिन आफूले आफैंलाई निखार्नु छ ।
*(सोम शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Som.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल र भारतको ऐतिहासिक सम्बन्ध



बंशीकुमार शर्मा गौतम

*नेपाल र भारतबीचमा प्राकृतिक श्रोत साधन, जलवायु र पर्यावरणीय सम्बन्ध पनि त्यति कै महत्त्वपूर्ण छ । दुवै देश दक्षिण एशियाका महत्त्वपूर्ण राष्ट्र हुन् । नेपाल-भारतको भौगोलिक र सांस्कृतिक दृष्टिकोणले एकअर्कासँग गहिरो सम्बन्ध छ । भारतले नेपाललाई तीन तीरबाट घेरेको छ । दक्षिण, पूर्व र पश्चिमतीन दिशाबाट नेपाललाई छोएको छ । भारत नेपालको दक्षिणमा पर्ने एक असल मित्र राष्ट्र हो । नेपाल र भारतबीच युगौंदेखि धार्मिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, सामाजिक सम्बन्ध रहँदै आएको छ। यस सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले असंलग्न र शान्तिपूर्ण सहअस्तित्वमा आधारित नेपालको परराष्ट्र नीतिको आधारबाट सन् १९४७ जुन १३ मा दुवै देशबीच दौत्य सम्बन्ध कायम भएको हो । भारतले नेपालको तीन तिरको भूभागलाई घेरेको छ । नेपालको पूर्व, पश्चिम र दक्षिणको समथर तराई क्षेत्रको सीमाना करिब १८ सय ८० किलोमिटर रहेको छ । नेपाल र भारतबीच आवतजावतका लागि खुला सीमाना भएता पनि औपचारिक तवरले मालसमान ओसार-पसार गर्न र यात्रु तथा स्थानीय बासिन्दा ओहोर-दोहोर गर्न एक सय ५९ नाका खुला गरिएका छन्। साधु-सन्त, विद्यार्थी, तीर्थालुलगायतआम सर्वसाधारणलाई समेत खुला सीमानाको उपयोग गर्न सजिलो भएको छ । नेपाल र भारतबीचको सीमा खुला भएकाले दुई देशका नागरिकले सहज रूपमा आवतजावत गर्न सक्छन् । यसले व्यापार, रोजगार र सांस्कृतिक आदान-प्रदानमा सजिलो बनाएको छ । तर, कहिले काहीँ खुला सीमानाको फाइदा लिँदै गलत नियत भएकाहरूले दुरूपयोग गर्ने गर्दछन् ।*

नेपाल र भारतको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र भूराजनीतिक दृष्टिले गहिरो र महत्त्वपूर्ण छ। यो सम्बन्ध प्राचीनदेखि विद्यमानसम्म कायम छ। दुवै देशहरू धर्म, भाषा र सांस्कृतिक आदानप्रदानमा निकट छन्। नेपालका कला, संगीत, नृत्य र साहित्यमा पनि भारतीय प्रभाव देखिन्छ। नेपाली लोकसंगीत र नृत्य शैलीमा भारतीय परम्पराको गहिरो असर परेको छ। नेपाल र भारतबीचको सांस्कृतिक र भौगोलिक निकटताले हाम्रो साझा इतिहास र भविष्यको लागि महत्त्वपूर्ण भूमिका खेलेका छन्। भारतीय उपमहाद्वीपको हिन्दू धर्म र नेपाली हिन्दू समाजको आपसी प्रभावले यस सम्बन्धलाई अझ प्रगाढ बनाएको छ। नेपाल र भारतको व्यापारिक सम्बन्ध पनि निकै महत्त्वपूर्ण छ। भारत नेपालका मुख्य व्यापारिक साझेदारको रूपमा रहेको छ । नेपालका अधिकांश वस्तु भारतमार्फत आयात र निर्यात गरिन्छ । भारतले नेपाललाई विभिन्न मद्दत र सहुलियत प्रदान गरेको छ । जसले नेपालको अर्थतन्त्रलाई केही हदसम्म सुदृढ बनाएको छ । नेपाल र भारतको राजनीतिक सम्बन्ध मित्रवत छ । नेपाल र भारतबीचमा प्राकृतिक श्रोत साधन, जलवायु र पर्यावरणीय सम्बन्ध पनि त्यति कै महत्त्वपूर्ण छ । दुवै देश दक्षिण एशियाका महत्त्वपूर्ण राष्ट्र हुन् । नेपाल-भारतको भौगोलिक र सांस्कृतिक दृष्टिकोणले एकअर्कासँग गहिरो सम्बन्ध छ । भारतले नेपाललाई तीन तीरबाट घेरेको छ । दक्षिण, पूर्व र पश्चिमतीन दिशाबाट नेपाललाई छोएको छ । भारत नेपालको दक्षिणमा पर्ने एक असल मित्र राष्ट्र हो । नेपाल र भारतबीच युगौंदेखि धार्मिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, सामाजिक सम्बन्ध रहँदै आएको छ। यस सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले असंलग्न र शान्तिपूर्ण सहअस्तित्वमा आधारित नेपालको परराष्ट्र नीतिको आधारबाट सन् १९४७ जुन १३ मा दुवै देशबीच दौंत्य सम्बन्ध कायम भएको हो । भारतले नेपालको तीन तिरको भूभागलाई घेरेको छ । नेपालको पूर्व, पश्चिम र दक्षिणको समथर तराई क्षेत्रको सीमाना करिब १८ सय ८० किलोमिटर रहेको छ । नेपाल र भारतबीच आवतजावतका लागि खुला सीमाना भएता पनि औपचारिक तवरले मालसमान ओसार-पसार गर्न र यात्रु तथा स्थानीय बासिन्दा ओहोर-दोहोर गर्न एक सय ५९ नाका खुला गरिएका छन्। साधु-सन्त, विद्यार्थी, तीर्थालुलगायतआम सर्वसाधारणलाई समेत खुला सीमानाको उपयोग गर्न सजिलो भएको छ । नेपाल र भारतबीचको सीमा खुला भएकाले दुई देशका नागरिकले सहज रूपमा आवतजावत गर्न सक्छन् । यसले व्यापार, रोजगार र सांस्कृतिक आदान-प्रदानमा सजिलो बनाएको छ । तर, कहिले काहीँ खुला सीमानाको फाइदा लिँदै गलत नियत भएकाहरूले दुरूपयोग गर्ने गर्दछन् । खुला सीमानाको दुरूपयोग गर्नेहरूलाई दुवै देशका प्रशासन र जनता मिलेर हटाएका छन् । त्यस्ता गलत नियत भएका आतंककारी दुवै देशका शत्रु हुन् । यी दुवै देशका साझा समस्या पनि हुन् । आतंककारीको आफ्नो भन्ने केही हुँदैन उसको देश, धर्म, जात केही नभएकै कारण जुन बेला पनि घटना घटाउन सक्छन् । यस्ता समस्या दुवै देशका सरकार, प्रशासनको प्रयासले समाधान हुँदै आएको छ । यस्ता साझा समस्यालाई दुवै देशले समाधान गर्दै जानु पर्दछ । नेपालको पश्चिम दार्चुला जिल्लाको छाङरुव्यास नाका पर्दछ भने भारतको पिथौरागढको गर्व्याङ नाकादेखि नेपालको पूर्वी जिल्ला ताप्लेजुङको खाङ्ला भन्ज्याङ तथा भारतको सिक्किमसम्म रहेका जम्मा एक सय ५९ नाका औपचारिक तवरले खुला छन् । नागरिक आवागमनका दृष्टिले नेपाल-भारत सीमा अन्तर्राष्ट्रिय सीमा हो भन्ने अनुभव कसैले गर्दैन । जो पनि स्वतन्त्र तवरले आउन-जान सक्छ । सीमा क्षेत्र खुला भएकै कारण दुवै देशका बेरोजगार युवा रोजगारीको खोजीमा एक अर्को देशमा गएर रोजगारी गरेको पाइन्छ । लाखौं नेपाली युवायुवती रोजगारीको खोजीमा सीमा पारी भारततर्फ पुगेका छन् भने त्यत्तिकै मात्रामा भारतीय पनि नेपाल आएका छन् । नेपाल-भारत सम्बन्ध बुझ्न हामीले दुई देशको इतिहास बुझ्नु जरुरी देखिन्छ । विश्वका अति प्राचीन मुलुक नेपाल र भारतको उत्पत्ति पाँच हजार वर्ष पहिले भएको मानिन्छ । संसारका प्राचीनतम मानव सभ्यताको एक ऐतिहासिक धरोहरका रूपमा भारत विश्वमा प्रख्यात छ । साथै, जनसङ्ख्यामा विश्वमै दोस्रो ठूलो देश भारत वर्तमान विश्वको एक उदीयमान शक्तिको रूपमा स्थापित हुँदै छ । नेपालसँग भारतको लामो र गहिरो ऐतिहासिक सम्बन्ध तथा महत्त्व रहिआएको छ । सधैं शान्ति र मित्रताको आधारमा नेपाल र भारतको सम्बन्ध रहँदै जानुपर्छ । दुवै देशले समानता, सहअस्तित्व र स्वाभिमानका लागि एकअर्कालाई सम्मानपूर्ण व्यवहार गर्दै आएका छन् । मित्र राष्ट्र गणतन्त्र भारत नेपालको अत्यन्तै नजिकको मित्र देश हो । शैक्षिक, सामाजिक, सांस्कृतिक र धार्मिक अनेक प्रकारका सम्बन्धहरूले हामीलाई परस्परमा बाँधेका छन् । यी सम्बन्ध दुवै देशको अस्तित्व भएदेखि नै रहँदै आएका हुन् । दुवै देशबीच 'नानी र पानी'को सम्बन्ध परापूर्वकालदेखि रहँदै आएको यर्थात हो । वैदिक कालदेखि आधुनिक कालसम्म दुवै देशबीच छोरी-बेटी लेनदेन हुँदै आएको पनि छ । भारतीय महाद्विपको भूगोलले नै नेपालको भारतसँग सहअस्तित्त्व जोडिएको छ। भारतसँगको मित्रतामा पारस्परिक समानता र सम्मानपूर्ण व्यवहार तथा सहअस्तित्वलाई भौगोलिक वरदान मान्न सकिन्छ । कहिले काहीँ सामान्य कुराले पनि दुवै देशबीच शंका, सन्देह र असमझदारी पैदा हुँदा भौगोलिक निकटतालाई अभिसापको रूपमा लिनु हुँदैन । आपसी सल्लाहले समाधान गर्न सकिन्छ । यस कुरामा नेपाल र भारत दुवै राष्ट्र सतर्क रहनु जरुरी छ । नेपालले कहिल्यै पनि र कस्तै अवस्थामा पनि भारतको अहित चिताएर कुनै काम गर्न सक्दैन । भारतले पनि नेपालको अहित चिताउने कुरै आउँदैन । एक देशको समस्या दुवै देशको समस्या हुन सक्छ । त्यसलाई साझा समस्या सम्झेर दुवै देशको पहलबाट समाधान गर्न सकिन्छ । नेपालको उत्तिकै महत्त्वका अरू छिमेकी मुलुक भएता पनि धार्मिक, सांस्कृतिक, भाषिक र भौगोलिक समानताका कारण नेपाल र भारतबीचको सम्बन्ध युगौंदेखि महत्त्वपूर्ण र निकट रहँदै आएको हो । शान्ति र मित्रताको आधारमा नेपाल र भारतको सम्बन्ध युगौंसम्म कायम राख्न दुवै देशले समानता, सहअस्तित्व र स्वाभिमानका लागि एकअर्कालाई सम्मानपूर्ण व्यवहार गर्ने छन् । आखिरमा नेपाल र भारतको सम्बन्ध शान्ति, समानता र सहअस्तित्वका आधारमा रहिरहनु पर्ने आवश्यकता छ । यसको लागि दुवै देशले आपसी सम्मान र सहयोगको भावना कायम राख्नुपर्छ । ***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : शरीरलाई पर्याप्त आराम दिनुहोस्। आयस्रोत सामान्य रहनेछ ।

**वृष** : व्यापारबाट फाईदा हुनेछ । पारिवारिको साथ र सहयोग मिल्नेछ ।

**मिथुन** : शुभकार्यको चर्चा हुनेछ । रमणीय सुखद यात्राको योग छ।

**कर्कट** : आवश्यक कुरामा आफूलाई अगाडि सार्नुहोस् । सन्तानको सहयोग मिल्नेछ ।

**सिंह**: कुनै ठूलो जिम्मेवारी बहन गर्नुपर्ला। स्त्री वर्गहरूको लागि दिनअ नुकूल रहनेछ।

**कन्या** :महत्वपूर्ण मान्छेहरूसँग सम्पर्क बढ्नेछ। व्यापारमा नयाँ अवसरहरू मिल्नेछन्।

**तुला**: बल को उपयोगले कार्य पूरा गर्न सक्नुहुनेछ। गोपनानीयताको ध्यान राख्नुहोस्।

**बृश्चिक** :अँटिको कार्य पुरा होला । सामाजिक सभासमारोहमा भाग लिनु पर्नेछ ।

**धनु** : दिगो फाइदा कमाउन सक्नुहुनेछ। भावुकतामा निर्णय नलिनुहोला।

**मकर**: मनोरञ्जनात्मक समय बित्नेछ। व्यवहार कुशलताले अरुबाट प्रशंसा पाइएला।

**कुम्भ** : पारिवारिक सद्भावना बढ्नेछ। सलाह लिएर गरिएको कार्यमा सफलता मिल्नेछ।

**मिन** : कानुनी समस्यामा पक्ष सबल रहनेछ। कार्यक्षेत्रमा अधिकारीहरूबाट प्रशंसा पाइएला।

## कला मनोरञ्जन

# ३५ दिनमा 'जनै हराएको बाहुन'को इन्डक्ल्याप

फिल्म 'जनै हराएको बाहुन: सम्बन्धका धागाहरू'को छायाङ्कन सकिएको छ । निर्माणपक्षले सोमबार साँझ ललितपुरको च्यासलस्थित एक पार्टी प्यालेसमा फिल्मको इन्डक्ल्याप गरेको हो । कार्यक्रममा फिल्म ३५ दिनमा छायाङ्कन सम्पन्न भएको जानकारी दिइयो । फिल्मका निर्देशक हिमाल न्यौपाने हुन् । न्यौपानेको यो निर्देशनमा डेब्यु फिल्म हो । फिल्मको छायाङ्कन काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेमा भएको निर्माणपक्षले जानकारी जनाएको छ । ञअपेक्षा गरेअनुसार नै फिल्म राम्रोसँग छायाङ्कन भयोफ, निर्देशक हिमाल न्यौपानेले भने, 'अब पोस्ट प्रोडक्सनमा पनि हामी मेहनत गरेर दर्शकलाई राम्रो सिनेमा दिनेछौं ।' जनै हराएको बाहुन : सम्बन्धका धागाहरू'ले गाउँदेखि सहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित परिस्थिति र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनलाई केन्द्रमा राखेको छ । फिल्म आमा र छोराबिचको भावनात्मक कथा भन्नेछ । बलियो लाइनअप देखिएको फिल्ममा अभिनेता विजय बराल, अभिनेत्री केकी अधिकारी र मिरुना, मगर गौरव पहाडी, सुशांक




मैनाली लगायतको मुख्य भूमिका छ । यस्तै, चलचित्रमा भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापा लगायतको अभिनय रहेको छ । इन्डक्ल्याप कार्यक्रममा बोल्दै अभिनेता विजय बरालले भने, 'केकीसँग पनि काम गरियो, मिरुनासँग पनि काम गरियो । अझै धेरै 'भयङ्कर मान्छे'सँग काम गर्ने मौका मिल्यो । म सामान्य मान्छे, त्यसैले त्यही पात्र परेँ । यो सिनेमामा बुबा-छोराको मात्र होइन, धेरै सम्बन्धको कथा छ । यसले दर्शकको मन छोला भन्ने विश्वास छ ।' पेपरक्लिप प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । सह-निर्मातामा आरके मानन्धर, रुपेश लामा, सिआर बस्नेत र फिलिप डिसी रहेका छन् । कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेको फिल्ममा प्रशान्त सिवाकोटी, एसडी योगी, थानेश्वर गौतम र अर्जुन पोखरेलको संगीत छ । नवीन गुरुङ डीओपी रहेको फिल्म तिजको अवसर पारेर भदौमा प्रदर्शनमा ल्याउने लक्ष्य निर्माण युनिटको छ ।

*-रातोपाटी डटकम*

# सुरु भयो 'जारी २'को छायांकन

निर्देशक रामबाबु गुरुङ र कवि तथा निर्देशक उपेन्द्र सुब्बाबीच लामो समय फिल्ममा सहकार्य भयो । तर, सुब्बाको निर्देशन र रामबाबुको निर्माण रहेको 'जारी'को सफलतापछि भने उनीहरूबीच आर्थिक विषयलाई लिएर सम्बन्ध बिग्रिएको थियो । यसपछि दुवैले आ-आफ्नै हिसाबले फिल्म बनाए । तर, अलग भएर बनाएको फिल्म अपेक्षित नचलेपछि भने उनीहरुबीच मिलन भएको छ । रामबाबु र उपेन्द्रको पुनर्मिलनसँगै सोमबारबाट फिल्म 'जारी २'को छायांकन सुरू गरिएको छ । पूर्वी पहाडी जिल्ला पाँचथरबाट छायांकन सुरू भएको फिल्मको लेखक तथा निर्देशकमा उपेन्द्र र निर्मातामा रामबाबु रहेका छन् । यसमा 'जारी'कै जोडी दयाहाङ राई र मिरूना मगरलाई दोहोऱ्याइएको छ । फिल्मको छायांकन सेटबाट प्राप्त तस्वीरमा उनीहरूलाई पात्र लुक्समा देख्न सकिन्छ । दशैंमा रिलिज लक्ष्य राखिएको फिल्ममा दयाहाङ र मिरूनासहित ऋचा शर्मा, विजय बराल, पुष्कर गुरुङ, बुद्धि तामाङ, प्रेम सुब्बा, माओत्से गुरुङ, कमलमणि नेपाल, अनिल



सुब्बा, सिर्जना निङलेखु लगायतको अभिनय हेर्न सकिनेछ । लिम्बू समुदायको परम्परागत लोकबाजा च्याब्रुङमा आधारित भएर फिल्म बन्ने जनाइएको छ । 'जारी' भने जारी प्रथामा आधारित भएर बनेको थियो । 'जारी २' निर्देशक सुब्बाको तेस्रो फिल्म हो । 'जारी'बाट उनले निर्देशनमा डेब्यु गरेका थिए । पहिलो फिल्ममा नै उनलाई अभूतपूर्व व्यावसायिक सफलता मिल्यो । यसले घरेलु बक्स अफिसमा १७ करोड १७ लाखभन्दा बढीको व्यापार गरेको थियो । २०८० सालमा सर्वाधिक कमाउने फिल्म नै यही बनेको थियो । यसपछि सुब्बाले फिल्म 'मनसरा' बनाए । यसको कमाइ भने अपेक्षित हुन सकेन ।

*-फिल्मी खबर डटकम*

# प्रेम चर्चाबारे के भन्छन् कूल ब्वाय र सिम्रन ?

२०८१ सालको हिट फिल्म 'होस्टेल ३'बाट चर्चा कमाएका कलाकार कूल ब्वाय (पारस बम) र सिम्रन पन्तको चर्चा अझै छ । टिकटकमा 'कन्टेन्ट



क्रिएटर'को पृष्ठभूमिबाट फिल्ममा उदाएका यी दुईको डेब्यु फिल्म नै सफल रह्यो । यी दुईलाई आफ्नो फिल्ममा ल्याउन यतिबेला निर्माताबीच होडजस्तै छ । यद्यपि, दुवैले अफर स्वीकारेका छैनन् । फिल्ममा पनि यी दुईले जोडी बाँधे र उनीहरूको केमेस्ट्रीलाई पनि रुचाइयो । यतिबेला भने यी दुईको प्रेमचर्चा सामाजिक संजालमा छ । प्रशंसकदेखि सामाजिक संजालका विवरणमा यी दुई प्रेम सम्बन्धमा रहेको भन्दै गसिप बनिरहेका छन् । हुन पनि, फिल्मको प्रवर्धन अभियान होस् या ५१ दिन सेलिब्रेसनको अवसर, यी दुईको निकटतालाई औंल्याउँदै प्रशंसकले यी दुई रोमान्टिक सम्बन्धमा हुनसक्ने अड्कल काटिरहेका छन् । संचारकर्मीले पनि उनीहरूलाई यही प्रश्न सोधिरहेका छन् । एउटै प्रश्नले उनीहरूलाई पछ्याइरहेको छ । प्रेम सम्बन्धको यो चर्चालाई उनीहरूले केही दिनअघि 'होस्टेल ३'को ५१ दिन मनाउने समारोहमा प्रष्टीकरण दिए । उनीहरुले आफू राम्रो साथी मात्र रहेको बताए । कामको कुरालाई लिएर फोनमा कुराकानी हुने गरेको तर फिल्म रिलिजपछि अहिले मात्र प्रत्यक्ष भेट भएको उनीहरुले बताए । फिल्ममा सँगै काम गर्दैमा प्रेम सम्बन्ध नरहने उनीहरुको भनाइ छ । यी जवाफले फ्यानको जिज्ञासा अझै शान्त भैसकेको छैन । किनभने नेपाली फिल्म क्षेत्रमा यसअघि पनि सह-कलाकारबीच 'अफस्क्रिन'मा निकटता देखिएको उदाहरण धेरै छन् । कामको कुरा गर्दा, कूल ब्वाय र सिम्रन अहिले नयाँ फिल्मको तयारीमा छन्, यद्यपि यसको औपचारिक पुष्टि भैसकेको छैन ।

*-अनलाइन खबर डटकम*


## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुंदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| गेषराज घिमिरे | तारा थापा ढेंगा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
औडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

| कृष्णप्रसाद ज्ञवाली | युवराज थापा | रूक्माङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# अन्धकारमुक्तिले दियो व्यवसायीलाई अभिमुखिकरण



**पाल्पा, वैशाख ३०**/जिल्लाको रामपुरमा वित्तिय कारोबार सञ्चालन गर्दै आएको अन्धकारमुक्ति बचत तथा ऋण सहकारीले युवा व्यवसायी शेयर सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम प्रदान गरेको छ । उसले उद्योग, पेशा, व्यवसायमा आवद्ध शेयर सदस्यहरुको व्यवसाय प्रर्वद्धन गर्ने उद्देश्यले जिल्लाका युवा व्यवसायीहरुलाई अभिमुखीकरण कार्यक्रम प्रदान गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि भाटभटेनी सुपर मार्केटका प्रबन्ध सञ्चालक मिनबहादुर गुरुङले सहकारीले शेयर सदस्यहरुलाई व्यवसायी प्रवर्द्धनका लागि कार्यक्रम गरेर प्रशंसनिय कार्य गरेको बताए । उनले जुनसुकै काम गर्दा पनि ईमान्दारीता, अनुशासन, पारदर्शिता, प्रतिवद्धता र त्यागको सिद्धान्त अपनाउने हो भने व्यवसायमा सफलता मिल्ने उल्लेख गरे । कार्यक्रममा झ्याम्भ्ल कृषि फर्मका प्रोप्राईटर कमला लामाले कार्यक्रममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न आग्रह गरे ।

पुर्व नेफस्कून सञ्चालक तथा ग्रामीण उद्यम आधारशिलाका सञ्चालक सन्दीप सापकोटाले सहकारीका माध्यमबाट उद्यमशीलता विकास, वर्तमान चुनौतीहरु, समाधान र सम्भाव्यताका सम्वन्धमा प्रशिक्षण दिएका थिए ।

कार्यक्रमका प्रमुख समन्वयकर्ता अन्तर्राष्ट्रिय विपी चिन्तन प्रतिष्ठानका केन्द्रीय अध्यक्ष, सन्दीप रानाले देश निर्माणमा युवाहरुको भूमिका विषयमा सहजिकरण गरेका थिए । कार्यक्रममा रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकाल, संघका महासचिव पुरुषोत्तम के.सी, व्यवसायी विवेक पौडेल लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

सहकारीका अध्यक्ष सागर प्रसाद देवकोटाले संस्थाको उद्देश्य, परिकल्पना, अभियान र लक्ष्यलाई सार्थक बनाई एक सभ्य समाज निमार्णको महान संकल्पलाई मुर्त रुप दिनका लागि कार्यक्रम गरिएको बताए ।

उनले सदस्यहरुको पेशा, व्यवसाय, उद्योगहरुको प्रर्वद्धन तथा संरक्षण र दिगो तथा रणनीतिक विकासका लागि सफल व्यवसायीहरुको सफलताको कथाबाट थप उर्जा मिल्ने उल्लेख गरे । सहकारीले चितवनको सौराहामा भएको कार्यक्रम सहकारीका अध्यक्ष सागर प्रसाद देवकोटाको अध्यक्षता ,सचिव ओम प्रकाश बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### नेपाल हङकङसँग ७ विकेटले पराजित



**काठमाडौं, वैशाख ३०**/आईसीसी महिला टी-२० विश्वकप एशिया छनोटमा नेपाल हङकङसँग ७ विकेटले पराजित भएको छ । थाइल्यान्डको एआईटी ग्राउन्टमा नेपालले दिएको ३० रनको लक्ष्य हङकङले ४ ओभर ३ बलमा ३ विकेट गुमाएर भेटायो । हङकङकी शनजीन शाहजादले नटआउट १५ रन बनाइन् । नेपालकी कविता कुँवरले २ विकेट लिइन् । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ५ ओभरमा ३ विकेट गुमाएर २९ रन बनायो । दिउँसो सवा १२ बजे शुरू हुनुपर्ने खेल वर्षाका कारण प्रभावित भएपछि ५ ओभरमा झारिएको हो । नेपालकी सम्झनाकुमारी खड्काले सबैभन्दा धेरै १० रन बनाइन् । हङकङकी मे वे सुले ३ विकेट लिइन् । यसअघिको खेलमा नेपालले बहराइनलाई ९ विकेटले हराएको थियो । यस्तै नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो । नेपालले पर्सि बिहीवार फेरि बहराइनसँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से दोहोरो अङ्कले घट्यो



**पाल्पा,** वैशाख ३०/साताको दोस्रो कारोबार दिन मंगबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ । नेप्से परिसूचक १४ दशमलव ८७ अङ्कले घटेर दुई हजार छ सय ३४ दशमलव २३ को बिन्दुमा कायम भएको हो । सोमबार सार्वजनिक बिदा परेकाले कारोबार भएन ।

तीन सय १४ कम्पनीको दुई करोड १८ लाख २८ हजार दुई सय ३१ कित्ता शेयर एक लाख दुई हजार चार सय ४५ पटक खरिदबिक्री हुँदा नौ अर्ब ६३ करोड ४८ लाख १२ हजार छ सय १२ बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव ८८, जीवन बीमा शून्य दशमलव ९५ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ३०, वित्त एक दशमलव ९१, होटल तथा पर्यटन दुई दशमलव २१, जलविद्युत् एक दशमलव १८ र लगानी समूह शून्य दशमलव ७९ प्रतिशतले घटेको छ । त्यसैगरी, लघुवित्त शून्य दशमलव ६९, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बीमा समूह शून्य दशमलव ५९, व्यापार दुई दशमलव ४६ र अन्य समूह शून्य दशमलव ६० प्रतिशतले घटेको छ । कारोबारमा क्रेष्ट माइक्रोलाईफ इन्स्योरेन्स लिमिटेड र ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ९३ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा युनिभर्सल पावर कम्पनी लिमिटेड सबैभन्दा माथि छ । यो कम्पनीको ६७ करोड २० लाख ८५ हजार ८० बराबरको १५ लाख ४६ हजार चार सय ८९ कित्ता शेयर किनबेच भएको छ । तीन समूहको उपसूचक बढ्दा अन्यको उपसूचक नकारात्मक देखिएका छन् । यसदिन डेभलपमेन्ट,लाइफ इन्स्योरेन्स र मनु एण्ड प्रो समूहको उपसूचक बढ्दा अन्यको घटेको हो ।

# सिमलटारी–सौतामारे–मच्छी...

...गुल्मीस्थित योजना कार्यालयका सूचना अधिकारी हुमानाथ पौडेलका अनुसार एक अर्ब ४५ करोड ३२ लाख ९९ हजार ९ सयमा सडक निर्माणको सम्झौता भएको छ । झिमरुक-१ सौतामारेका वडाअध्यक्ष धुव्रराज खनालले राजमार्ग बनेपछि तीन जिल्लाका स्थानीयलाई सहज हुने बताउन्छन् । "अर्घाखाँचीको मलारानी गाउँपालिका र गुल्मीको मदाने, धुर्कोट र मालिकासहित तीनवटा पालिकालाई प्रदेश मुकाम आउजाउ गर्न यही बाटो भएर जान सजिलो हुन्छ", उनले भने, "अहिले ती पालिकाका स्थानीयवासी केही काम पर्यो भने यही बाटो हुँदै भालुवाङ जाने गरेका छन् ।" वडाध्यक्ष खनालले सडक निर्माणको काम बीचमा अलपत्र पर्दा स्थानीयलाई हिँड्डुल गर्न पनि समस्या भएको बताए । झिमरुक गाउँपालिकाका अध्यक्ष पितबहादुर महतरा क्षेत्रीले आउने साउनसम्ममा राजमार्गअन्तर्गतको सिमलटारी-सौतामारे-मच्छीको सडकखण्ड पूरा गर्ने भने तापनि निर्माण व्यवसायीले काम नै नगरेको बताए । "प्यूठान, गुल्मी, अर्घाखाँची र बागलुङका स्थानीयलाई प्रत्यक्ष फाइदा पुग्ने उक्त सडक अहिले काम अगाडि बढ्न नसकेर अलपत्र छ," उनले भने, "प्रमुख जिल्ला अधिकारीसहित पटक-पटक हामीले सडक निर्माण चाँडै गर्नुपर्‍यो भनेर छलफल पनि गर्‍यो । निर्माण कम्पनीले काम गर्छु भन्छ । तर गर्दैन ।" मदन भण्डारी राजमार्ग गुल्मी योजना कार्यालयका प्रमुख रमेश चौधरीले सम्झौताअनुसार निर्माण व्यवसायी काम नगरेको बताए । "निर्माण व्यवसायी आफू आर्थिक सङ्कटमा परेको हुनाले काम अगाडि बढाउन नसकेको बताउँदै आएको छ । सार्वजनिक खरिद ऐनअनुसार ठेक्का हाल्दा र पाउँदा रामो स्थिति रहेको थियो," योजना प्रमुख चौधरीले भने, "तर पछि कम्पनीको आर्थिक अवस्था नै डामाडोल रहेको छ, "ठेकेदार कम्पनीले आफू आर्थिक सङ्कटमा रहेको भनेर काम गरिरहेको छैन ।" उनले दुई महिनाअघि आफूहरुले काम गरेको सात करोड निर्माण व्यवसायी भुक्तानी गरेको बताए ।

**काम अगाडि नबढाए ठेक्का रद्द**

योजना प्रमुख चौधरीले सडक निर्माणको काम अगाडि नबढाएको हुनाले आफूहरुले काठमाडौंस्थित मदन भण्डारी राजमार्गको निर्देशनालयमा सम्झौता रद्द गर्नेबारे छलफलसमेत गरेको बताए । "हामीले ठेक्का रद्द गर्नेबारे छलफल पनि नगरेको होइन तर अर्को कुनै विकल्प अझै भेटिएको छैन," उनले भने, "यदि यही अवस्थामा काम अगाडि बढ्न सकेन भने ठेक्का रद्द गरेर अर्को विकल्पमा जानुपर्दछ ।" उनका अनुसार आगामी साउनमा काम सम्पन्न गर्नुपर्ने भए पनि अहिले २५ प्रतिशत भौतिक र २२ प्रतिशत वित्तीय प्रगति भएको छ । अहिले बाटोको छेउछाउ काट्ने र संरचना निर्माण गर्ने काम मात्र भएको छ । योजना प्रमुख चौधरीले बाटोको सतह मिलाउने, ग्राभेल गर्ने र कालोपत्र गर्ने काम अझै बाँकी रहेको बताउन्छन् । उक्त सडक खण्ड करिब सात मिटर चौडाइ र दुवैतर्फ नाली चारमिटरको हुने छ । गुल्मीको मदाने गाउँपालिका-७ का स्थानीय खिमबहादुर जिसीले दुई महिनादेखि सडक निर्माणको काम ठप्प हुँदा स्थानीयलाई सास्ती भएको बताए । "राजमार्ग बन्ने भएपछि हामी खुसी भएका थियौँ । काम पनि भइरहेको थियो", उनले भने, "सडक निर्माणको काम भएको छैन । सडक जताजतै भत्काएर छाडिएको छ । खेत रोप्न पनि गाह्रो हुन्छ । हामी धेरै अप्ठ्यारोमा परेका छौँ ।" उनले सडकको काम नहुँदा वर्षायाममा आउजाउमा समेत समस्या हुने बताउन्छन् । प्यूठानका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले आयोजना प्रमुख र निर्माण व्यवसायीसँग सम्पर्क गरी सडक बनाउन पहल गरिरहेको बताउन्छन् । "मेरो केही दिन निर्माण व्यवसायीसँग कुरा हुँदा तत्काल काम सुरु गर्ने र वर्षायाममा उक्त सडकखण्डमा गाडी चल्न सक्ने बनाउने प्रतिबद्धता जनाएका छन्", उनले भने । प्रमुख जिल्ला अधिकारी नेपालले मदन भण्डारी राजमार्गको मात्र नभई प्यूठान जिल्लाका अधिकांश आयोजनाका ठेक्का लगाएका तर कामै नगरी भागेका निर्माण व्यवसायीको खोजी गरिरहेको बताए । मदन भण्डारी राजमार्गको आयोजना निर्देशनालयका प्रमुख दीप बाराहीले समयमा नै निर्माण व्यवसायीलाई भुक्तानी गर्न नसक्दा सम्झौताअनुसार सडक निर्माणको काम भनेजस्तो अगाडि नबढेको स्वीकार गरे । उनले सडक निर्माणको काम समयमा नै नसकेकाले ठेक्का तोडेर मात्र समस्याको समाधान नहुने भएकाले निर्माण व्यवसायीलाई दबाब दिएर र फकाएर काम गराउनुको विकल्प नभएको बताए । "हामीले सकेसम्म निर्माण व्यवसायीलाई नै फकाएर, दबाब दिएर र कालोसूचीमा राख्ने जस्ता चेतावनी दिएर काम अगाडि बढाउने सोचमा रहेका छौँ," उनले भने, "अहिलेको निर्माण व्यवसायीबाट हुँदै भएन भने अन्तिम विकल्प मात्र ठेक्का तोड्ने हो । तर हामी ठेक्का तोड्ने भन्दा उसैबाट काम गराउने पक्षमा रहेका छौँ ।" सडक निर्माणसम्बन्धी कुरा गर्न श्रेष्ठ-सक्षम निर्माण कम्पनी (जेभी)का प्रतिनिधिसँग पटकपटक सर्म्पक गर्न खोज्दा सर्म्पक हुन सकेन । निर्देशनालयका अनुसार मदन भण्डारी राजमार्गको अहिलेसम्म ५१ प्रतिशत काम सम्पन्न भएको छ । आर्थिक वर्ष २०८४/८५ सम्म काम सक्ने भनेता पनि बजेट अभावले पूरा हुनेमा आशङ्का गरिएको छ ।


## कर्मचारी आवश्यकता

*सूचना प्रकाशन मिति : २०८२/01/३0*

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागि १ (एक) जना तपसिलमा उल्लेखीत उप-प्रशिक्षक आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले मिति ०८२/०२/१३ गते भित्र यस ईन्स्टिच्युटमा आई दरखास्त दिनु हुन जानकारी गराईन्छ ।

तपसिल :

**विज्ञापन न.** : १-०८१/०८२
**पद** : उप-प्रशिक्षक , **संख्या** : १, **उमेर** : २५ देखि ४५ वर्ष ननाघेको,
**शैक्षिक योग्यता** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट B.S.C Nursing, BN वा H.A पास गरेको ।
**दरखास्त बुझाउने मिति:** २०८२ जेष्ठ १३ गते सम्म
**तलब** : ईन्स्टिच्युटको नियमानुसार, **परीक्षाको किसिम** : अन्तर्वार्ता,
**दरखास्त दस्तुर** : ५००/-

**आवश्यक कागजातहरु :**
१. निवेदन साथ आफ्नो वायोडाटा (Bio - Data ) - १/१ प्रति
२. पासपोर्ट साइजको फोटो - दुई प्रति
३. नेपाली नागरीकताको प्रतिलिपि - १ प्रति
४. शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपिहरु - १/१ प्रति
५. काउनसील दर्ताको प्रमाण पत्रहरुको प्रतिलिपि १ प्रति
६. कम्प्युटर सम्बन्धी तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु - १/१ प्रति
७. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु - १/१ प्रति
८. शिक्षण क्षेत्रमा अनुभव भएकालाई दक्षता हेरी प्राथमिकता दिइनेछ ।
९. अन्तर्वार्ताको मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**तानसेन-२, मेहलधारा, पाल्पा**
फोन नं. ०७५-५२०७१४, ९८५७०६०३४६, ९८४७०२९८१६



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई